# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## मधेश प्रदेश कार्यालय
## जनकपुरधाम, धनुषा

**शैक्षिक सत्र २०८०/०८१ मा डिप्लोमा तथा प्रमाण-पत्र तहको कार्यक्रमहरुमा वर्गीकृत (निःशुल्क) छात्रबृत्तिमा योग्यताक्रम अनुसार भर्नाको लागि सिफारिश सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रकाशित मिति २०८०।०७।०१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०।०६।२२ र मिति २०८०।०६।२३ गते प्रकाशित सूचना अनुसार मधेश प्रदेशमा थप भएका शिक्षण संस्था एवं कार्यक्रमहरुमा बर्गिकृत (निशुल्क) छात्रबृत्ति तर्फ भर्नाको लागि मिति २०८०।०६।२५ गते निवेदन माग सम्बन्धी प्रकाशित सूचना बमोजिम तोकिएको समयावधि मिति २०८०।०६।२९ गतेसम्म यस प्रदेश कार्यालयमा रितपूर्वक दर्ता हुन आएका निवेदनहरु मध्ये कार्यक्रम अनुसार योग्यताक्रम निर्धारण गरी संस्था प्राथमिकीकरण गरी भर्नाको लागि सिफारिश गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सिफारिश भएका मुख्य उम्मेदवारहरुले मिति २०८०।०७।१९ गतेभित्र तोकिएको शिक्षण संस्थामा आफ्नो सक्कल शैक्षिक प्रमाण-पत्रहरु, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, बर्गीकृत (निःशूल्क) छात्रबृत्तिमा फाराम भर्दा पेश गरेको लक्षित वर्गको प्रमाण-पत्र सहित भर्ना हुन सूचित गरिन्छ । सम्बन्धित शिक्षण संस्थाहरुले तोकिएको समयावधिभित्र यसै सूचनालाई आधार मानी सिफारिश भएका उम्मेदवारहरुको सक्कल प्रमाण-पत्र रुजु गरी भर्ना गर्नु/गराउनु हुन समेत जानकारी गराईन्छ । तोकिएको समयावधिभित्र भर्ना भै रिक्त हुन गएको सिटको सिम्बल नं., नाम, लक्षित वर्ग कोटा उल्लेख गरी ३ (तीन) दिनभित्र प्रदेश कार्यालयको Email: ctevtmpexam@gmail.com र परीक्षा नियन्त्रण कार्यालयको Email: oce.ctevt@gmail.com मा अनिवार्य पत्राचार गर्नु हुन समेत जानकारी गराईन्छ । सिफारिश सम्बन्धी नतिजा परिषद् परीक्षा नियन्त्रण कार्यालयको website: ctevtexam.org.np र प्रदेश कार्यालयको website: ctevtp2.org.np मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

**निर्देशक**